बलवा नगरपालिका
Balwa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

पत्र संख्या(Letter No.):- २०८३/०८४
चलानी नं. (Ref. No):-

मधेश प्रदेश, नेपाल
(Madhesh Province, Nepal)

# हाट बजार ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना ।

(तेस्रो पटक प्रकाशित मिति २०८३/०५/२५ गते)

उपरोक्त सम्बन्धमा मिति २०८३/०४/२७ गतेको बलवा नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आ.व.२०८३/०८४ को लागि तपसिलमा उल्लेखित बजारहरुको सिलबन्दी बोलपत्र/दरभाउपत्रद्धारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि मिति २०८३/०५/२५ गतेको यस कार्यालयको निर्णयानुसार तेस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. बोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्यक्ति/फर्म/संस्थाले इजाजत प्रमाणको प्रतिलिपि, पान नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. बोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको आन्तरिक राजस्व खाता नं १२७०१००३०१०१०००२(ग-१-१) मा रु १५०० जम्मा गरी सोको भौचर वा नगद जम्मा गरेको राजस्व बिल जम्मा गरी खरिद गरी ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलबन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३-१२७०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाउँमा जारी गरिएको बैंक ग्यारेन्टी सहित खाम बन्दी गरी पेश गर्नु पर्ने छ ।उक्त बैंक ग्यारेन्टी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्मको मान्य अवधी भएको हुनु पर्नेछ।

४. शिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. बोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रष्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट गरिने छ ।

८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्न परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन ।

प्रमुख प्रशासकिय अधिकृत

Email : balwamunicipality@gmail.com , info@balwamun.gov.np / URL: - http://balwamun.gov.np

# बलवा नगरपालिका
Balwa Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

पत्र संख्या(Letter No.):- २०८३/०८४
चलानी नं. (Ref. No):-

मधेश प्रदेश, नेपाल
(Madhesh Province, Nepal)

११. ठेक्का स्वीकृत भए पछि सम्झौतामा उल्लेखित रकम ३ किस्तामा नगद यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१२. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

१३. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्वीकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ । ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिइने छ । ठेक्का बन्दोबस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ ।

१४. बजार ठेक्का अवधि सम्झौता भएको मिति देखि १ (एक) वर्षका लागि कायम गरिएको छ ।

१५. बजार ठेक्काको सम्झौता भए पछि पहिलो किस्ता यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो र तेस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा सम्झौता मिति देखि १ बर्ष सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१६. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१७. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ । कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा ठेक्का कुनै पनि बेला तोड्न सकिनेछ ।

१८. सूचनामा उल्लेख नभएका विषय स्थानीय कानून एवम प्रचलित ऐन-कानून बमोजिम हुनेछ ।

## तपसिल

| ठेक्का नं. | बजारको नाम | न्युनत्तम कबोल अंक रु.(मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| ५/०८३/०८४ | रौजा बिरेन्द्र बजार – बलवा न.पा.११ | २०,४०,५००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |
| ६/०८३/०८४ | धमौरा बजार –बलवा न.पा.१० | ४,१९,१००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |

उमेश महतो
प्रमुख प्रशासकीय अधिकृत

Email : balwamunicipality@gmail.com , info@balwamun.gov.np / URL: - http://balwamun.gov.np